# भूमि अधिकार अभियान
## मासिक खबर

वर्ष : १ अङ्क : ६ पुस, २०७१

## भूमि अधिकार आन्दोलनको समीक्षा

भूमि तथा कृषि अधिकार आन्दोलनको पुस २७ देखि २९ सम्म अर्धवार्षिक राष्ट्रिय समीक्षा भयो । भूमि अध्ययनघर ठिमुरा चितवनमा भएको समीक्षामा स्रोत केन्द्र, उपस्रोत केन्द्र, राष्ट्रिय भूमि अधिकार मञ्च र आत्मनिर्भर केन्द्रको राष्ट्रिय टीमले साउन-पुस, २०७१ मा गरेको अभियान, प्राप्त उपलब्धी, चुनौती र सिकाई आदान-प्रदान गरेका थिए । समीक्षामा भूमि अधिकार आन्दोलनका अगुवा, अभियाकर्मी, अभियान अधिकृत र अभियान संयोजक र रणनीतिक साझेदार सहित गर्भनेन्स फेसिलीटी, केयर, एक्सनएड र अक्सफामका प्रतिनिधिसहित ४९ जनाले भाग लिएका थिए ।

समीक्षाबाट नीतिगत काममा भएका नतिजालाई परिणामुखी बनाउन निरन्तर फलोअप गर्ने, फागुन १० देखि १२ सम्म हुने सम्मेलनलाई सफल बनाउन जिम्मेवारी अनुरुप क्रियाशील हुने यस अवधिमा लक्ष्य अनुरुप काम हुन नसकेका सामुदायिक भूमि सुधार र संयुक्त पुर्जा अभियानलाई अझ प्रभावकारी बनाउने निर्णय भएको छ ।



६ महिनाको प्रगती

| सूचकहरु | प्रगती |
|---|---|
| जग्गाको स्वामित्व पाउने परिवार | १०९ |
| ऐलानी, सार्वजनिक, जग्गामा पहुँच बढेका परिवार | ६९४ |
| पदाधिकारी निर्णयक ठाँउमा प्रतिनिधित्व (जिल्ला स्तरीय) | ३० |
| जग्गा प्राप्ति गरिसकेपछि बचत उत्पादन गर्ने परिवार | १५१ |
| संयुक्त पुर्जासम्बन्धी सचेतीकरण गरिएका परिवार | ६१७७ |
| संयुक्त पुर्जा बनाएको परिवार | ५३१ |
| प्रतिवद्द र क्रियाशील अगुवा | १९५० |
| नयाँ सदस्यता लिने संख्या | १२०६ |
| सदस्यता नवीकरण सदस्य संख्या | १२६८० |
| हक दावीका लागि निवेदन पेश | ५९९४१ |
| अन्य आन्दोलनसँग आलोचनात्मक सहकार्य | ३६ |
| गाँउ भूमि किताव निर्माण | २०७ |
| जिल्ला किताव र खाका | १६ |
| भूमि शिविर | ३१ |
| तालिम | १९ |
| कृषि सहकारी निर्माण | ४ |
| कृषि उद्यम | १० |
| सामुदायिक भूमि सुधार | ४ |
| भूमि सिकाइ केन्द्र सञ्चाल | ११८ |

## संयुक्त पुर्जा बनाउने थपिए

अभियानमा सङ्गठित भई पुस महिनामा ओखलढुङ्गाका ५९ जोडीले (९४८ रोपनी), सिन्धुपाल्चोकका २८ जोडीले (२७४ रोपनी), महोत्तरीका २४ जोडीले (५ बिघा), कैलालीका १७ जोडीले (१ बिघा), सुनसरीका १२ जोडीले (२ बिघा), दाङका ११ जोडीले (३ बिघा) सर्लाहीका १० जोडीले (४ बिघा), नुवाकोटका ८ जोडीले (३४ रोपनी), र सिरहा र उदयपुरका १५ जोडीले (५ बिघा) संयुक्त पुर्जा निर्माण गरी भूमिमा महिला-पुरुषको बराबरी स्वामित्व कायम गराएका छन् ।



## सम्मान र अभिमुखीकरण



जिल्ला भूमि अधिकार मञ्च, महोत्तरीले अभियानमा सङ्गठित भई संयुक्त पुर्जा बनाउने ४८ जोडी, ललितपुरले १० जोडी र सर्लाहीले २१ जोडीलाई प्रमाणपत्रका साथ दोसल्ला ओढाएर सम्मान गरेको छ ।

## सामुदायिक भूमि सुधार अभ्यास परियोजना सञ्चालन

अक्टोवर, २०१४ बाट कैलालीको भजनी त्रिशक्ति नगरपालिका र बर्दियाको बानियाभार, मगरागडी र पदनाहा गाविसमा सामुदायिक भूमि सुधार अभ्यास सुरु भएको छ । उक्त कार्यक्रममा समुदायसँगै मिलेर विस्तृत अध्ययन गर्ने, स्थानीय स्रोतको उपयोग गर्ने, सामुदायिक कानुन बनाउने, सामुदायिक स्रोतको संरक्षण र दिगो उपयोग गर्ने, स्रोतमा आधारित द्वन्द्वमा कमी ल्याउने लगायतका कार्यक्रमहरू छन् । कार्यक्रम डिएफआइडीको आर्थिक सहयोगमा अक्फाम, नामती र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको संयोजनमा हुनेछ । कार्यक्रम २ वर्ष सम्म सञ्चालित हुनेछ ।

## जिल्ला सम्मेलनले नयाँ नेतृत्व चुन्यो



जिल्ला भूमि अधिकार मञ्च, सर्लाहीको पाँचौ सम्मेलन भयो । ढुङ्ग्रेखोलामा पुस ४ र ५ गते भएको सम्मेलनबाट जितबहादुर गोलेको अध्यक्षतामा १५ सदस्य जिल्ला कार्यसमिति गठन भएको छ । सम्मेलनमा ४२ गाउँ भूमि अधिकार मञ्चका १२४ प्रतिनिधिहरू सहभागी थिए ।

यस्तै जिल्ला भूमि अधिकार मञ्च धनकुटाको दोस्रो जिल्ला सम्मेलन पुस १५ गते धनकुटामा भएको छ । सम्मेलनबाट नम्रता देउजाको अध्यक्षतामा ७ महिलासहित १५ सदस्यीय जिल्ला समिति गठन गरेको छ । सम्मेलनमा राष्ट्रिय भूमि अधिकार मञ्चका अध्यक्ष सोमप्रसाद भण्डारीले धनुकटाको भूमि समस्या समाधान गर्न नयाँ नेतृत्वले भूमिका खेल्नुपर्ने बताउनुभयो ।

## भूमि शिविर तथा तालिम



पुस महिनामा रसुवा, सुनसरी, झापा, उदयपुर, नुवाकोट, सल्यान, बाग्लुङ र पर्वतमा भूमि शिविर भयो । सबै शिविरमा गरी ३९७ जनाले भाग लिए । शिविरमा भूमि ऐन, सुकुमबासी आयोगको कामको प्रभावकारीता, राष्ट्रिय सम्मेलन र सङ्गठन सुदृढिकरणका विषयमा छलफल भएको थियो ।

## ऐलानी जग्गा उपयोग

जिल्ला भूमि अधिकार मञ्चको पहलमा दाङ गंगाप्रससपुर- ४ प्रसियाका ९२ परिवार भूमिहीनले २३ बिघा ऐलानी जग्गा उपयोगमा ल्याई खेती गरेका छन् । गाउँ मञ्चमा सङ्गठित भूमिहीन परिवारको लागि प्रति परिवार ५ कठ्ठाका दरले उक्त उक्त जमिनको वितरण गरी खेती सुरु गरिएको छ ।

## भूमिघर निर्माण



कञ्चनपुर, वेलकुण्डिया गाउँ भूमि अधिकार मञ्चले आफ्नै भूमिघर बनाएको छ । ३० जना सदस्यहरूलाई सजिलैसँग बसेर बैठक तथा प्रशिक्षणहरू सञ्चालन गर्न सकिने बनाइएको घर बनाउन काठ, खर, बास, डोरी, किलाकाटाको लागि २५ हजार खर्च भएको छ भने बाँकी काम सङ्गठनका सदस्यहरू मिली गरेका थिए ।

## भूमिसम्बन्धी सम्वाद कार्यक्रम

जिल्ला भूमि अधिकार मञ्च झापाको आयोजनमा जिल्लामा रहेको भूमिसम्बन्धी समस्याको समाधान र नयाँ संविधानमा भूमि सुधारको मुद्दाबारे सम्वाद कार्यक्रम भयो । बिर्तामोडमा भएको कार्यक्रममा सभासद्हरू जितु गौतम, जीवनकुमारी धिमिरे, अमृतलाल राजवंशी, सुकुमबासी समस्या समाधान आयोगका सदस्य हर्कमाया विश्यकर्मा, भूमि सुधार कार्यालयका बेनुप्रसाद सुवेदीलगायत अन्य सरोकारवाला निकायका प्रतिनिधि र भूमि अधिकार मञ्चका प्रतिनिधिहरूसहित १४ महिलासहित २७ जना सहभागी थिए ।

सम्वाद कार्यक्रममा सहभागी भूमिहीन किसानहरूले नयाँ संविधानमा भूमि सुधारका मुद्दा समेट्न र त्यसको लागि भूमिका खेल्न सभासद्हरूलाई आग्रह गरेका छन् । कार्यक्रममा सहभागी सभासद्हरूले भूमि सुधारको लागि संविधान सभामा छलफल गर्ने र आआफ्नो पार्टीमा पनि छलफल गरी यो मुद्दालाई गम्भीर रूपमा अघि बढाउने प्रतिवद्दता व्यक्त गरेका छन् ।

## प्रकाशन




सामुदायिक आत्मनिर्भर सेवा केन्द्रद्वारा यस महिनामा विभिन्न प्रकाशन भएका छन् । यस क्रममा भूमि अधिकार बुलेटीनको पूर्णाङ्क ३९, दुई हजार प्रति, नयाँ रणनीति योजना २०७१-२०७६ को नेपाली ५०० प्रति र अग्रेजी २०० प्रति, ब्रोसर नेपाली २००० प्रति, अग्रेजी ५०० प्रति प्रकाशन भएको छ । यी प्रकाशन सबै जिल्ला भूमि अधिकार मञ्च, रणनीतिक साझेदार र सरोकारवाला निकायहरूमा पठाइने तयारी भएको छ । साथै राष्ट्रिय भूमि अधिकार मञ्चको चौथो सम्मेलनको लागि पर्चा २० हजार प्रति पर्चा प्रकाशन भएको छ ।

भूमि अधिकार मञ्च

**राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल(NLRF)**
ठिमुरा, चितवन,
फोन : ०१-६९१४५८६
ईमेल : nlrfnepal@yahoo.com

CSRC आत्मनिर्भर केन्द्र

**सामुदायिक आत्मानिर्भर सेवा केन्द्र (CSRC)**
धापासी काठमाडौं,
फोन : ०१-४३६०४८६
ईमेल : landrights@csrcnepal.org